




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily








❑ वर्ष २२ ❑ अङ्क ७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २० गते शुक्रबार ❑ 2 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## नेता भुसाल र पाण्डे पनि निलम्वनमा

**रासस**
**काठमाडौं, १९ चैत**

नेकपा (एमाले)का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले एमालेका नेता घनश्याम भुसाल र सुरेन्द्र पाण्डेलाई पार्टी सदस्यताबाट छ महीनाका लागि निलम्वन गरेका छन् ।





अध्यक्ष ओलीले उनीहरु दुवै जनालाई सोधिएको स्पष्टीकरणमा चित्तबुझ्दो जवाफ नदिएपछि निलम्वन गरेका हुन् । दुवै जनालाई निलम्वन गरिएको पत्र पठाइएको छ। "पार्टीले सोधेको स्पष्टीकरणमा सोधिएअनुसार आफ्नो भुलत्रुटि स्वीकारोक्ति नगरेको, कुनै आत्मसमीक्षा नगरिएको, आत्मालोचना गर्ने कुनै प्रवृत्ति नदेखिएकाले पार्टी विधान २०४९ (संशोधन २०७१) को धारा ४९ (ख) बमोजिम छ महीनाका लागि दशौं महाधिवेशन आयोजक कमिटी सदस्य र पार्टीका अन्य सबै जिम्मेवारी (प्रतिनिधिसभा सदस्य) बाहेक पार्टी सदस्यताबाट निलम्वन गरिएको छ", पत्रमा भनिएको छ । अध्यक्ष ओलीले दुवै जनालाई सच्चिनका लागि अन्तिम मौकासमेत दिनुभएको पत्रमा उल्लेख गरिएको छ। पार्टीले सोधेको स्पष्टीकरण यही चैत १७ गते दुवै नेताले बुझाउनुभएको थियो । यसअघि पार्टीका वरिष्ठ नेता माधवकुमार नेपाल र अर्का नेता भीमबहादुर रावललाई पनि सोधेको स्पष्टीकरणमा चित्तबुझ्दो जवाफ नदिएपछि छ महीनाका लागि पार्टीको सदस्यताबाट निलम्वन गरिएको थियो ।

यही चैत ७ गते बसेको पार्टीको केन्द्रीय कमिटी बैठकले पार्टीविपरीतका गतिविधि गरेको भन्दै पार्टीका नेता नेपाल, रावल, भुसाल र पाण्डेलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो ।

यही चैत ८ गते महासचिव ईश्वर पोखरेलले पत्र लेख्दै उनीहरु चारै जना नेतालाई पार्टी हितविपरीत गतिविधि गरेको भन्दै एमालेको विधानको धारा ४९ को १, २, ३, ४, ५, ६, ७, ९ र १४ अनुसार कारवाही किन नगर्ने भन्दै स्पष्टीकरण सोध्नुभएको थियो ।

## आहा रारा गोल्ड कप फुटवल प्रतियोगिताको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

पोखरामा शनिबार देखि संचालन हुने भएको १९ औं संस्करणको राष्ट्रिय तथा अन्तराष्ट्रिय अन्तर क्लब स्तरिय आमन्त्रित आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७७ तयारी पुरा भएको छ । पोखराको सहारा क्लवको आयोजनामा पोखरा रंगशालामा यही चैत २८ गतेसम्म संचालन हुने उक्त प्रतियोगिताको तयारी पुरा भएको क्लवले विहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको हो ।

कोरोनाबाट बच्न र बचाउन आवश्यक स्वास्थ्य मापदण्ड पालना हुने गरी सुरुमा ५० प्रतिशत मात्र सिट क्षमताको आधारमा दर्शक सिट प्लानिङ गरिएको सहारा क्लवका अध्यक्ष केशव बहादुर थापाले बताए । पोखरा रंगशालामा हाल १६ हजार ५ सय सिट क्षेमता भए पनि सुरु सुरुमा ५० प्रतिशत मात्र सिट प्लानिङ गरिने भएको उनले जनाए ।

उनले भने " कोरोनाको कहर अझै जारी रहेकोले हामीले आवश्यक स्वास्थ्य मापदण्डलाई सकेसम्म पालना गर्छौं, दर्शकहरुलाई मुल गेटमै अनिवार्य मास्क वितरण गरी सेनिटाइजर गरी रंगशाला प्रबेशको व्यबस्था गर्छौं । " प्रतियोगितामा विदेशी एक क्यामरुनको अफ्रिकन रुट एसोएसन, डउला, ६ वटा नेपालका ए डिभिजनका क्लव र आयोजक सहारा क्लव सहित ८ टोलीको सहभागिता हुने प्रतियोगिताको तयारी पुरा भएको अध्यक्ष थापाले बताए । शनिबार आयोजक सहारा क्लव र विभागिय टोली शसस्त्र प्रहरी वलको एपिएफ बिच हुने भएको छ । यसपाली ८ टिमको मात्र सहभागिता भएकोले आहा राराको क्वाटरफाइनल सहित फाइनल खेलमा ७ दिन मात्र खेल हुने भएको छ । त्यसै गरी प्रतियोगितामा नेपाल आयल निगम मनाङ मस्याङदी क्लब, विभागिय टोली नेपाल पुलिस क्लव, ए.पि.एफ.क्लव, रुस्लान थ्रि–स्टार क्लव, संकटा क्लव र मछिन्द्र क्लब सहभागि हुने भएका छन्। गत बर्षको १८ औं संस्करणमा १२ टिमबाट घटेर १० टिमको सहभागिता रहेको आहा रारा गोल्ड कपमा यस बर्ष भने ८ टिमको मात्र सहभागि हुने भएको हो । कोरोनाले गर्दा अधिकांश क्लवहरुले फुटवल खेलाडीहरुलाई तयारी अबस्थामा राख्न नसकेको कारण आफुहरुले चाहेर पनि ८ भन्दा बढी टिम यसपाली सहभागि गराउन नसकेको क्लवका महासचिब रामजी प्रसाद अधिकारीले बताए ।

प्रतियोगिताको विजेता टोलीले उपाधि सहित १० लाख १ हजार साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ । उपबिजेता हुने टोलीले ट्रफीको साथमा ५ लाख १ हजार रुपैया साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ । गत वर्षको विजेता मनाङ्ग मर्यास्याङ्गदी क्लब हो भने उपविजेता नेपाल पुलिस क्लब रहेको थियो । "आत्मा साँक्षी राखि मन, वचन र कर्मले समाजिक सेवा गरौं" भन्ने उद्येश्यका साथ वि. स. २०५५ सालमा पोखराको पुरानो बसपार्कमा स्थापित यस सहारा क्लब पोखराले आयोजन गर्ने प्रतियोगिताबाट बचत रकम सहारा एकेडेमीमा रहेका १४ जिल्लाका २४ जना वालकहरुको भरणपोषणमा खर्च गर्दै आएको क्लवले जनाएको छ ।

प्रतियोगितालाई पहिलो संस्करण देखी नै मुख्य प्रायोजकको रुपमा बहुचर्चित मोफसलको व्यापारिक प्रतिष्ठान हिमश्री फुड्स प्रा. लि. को उत्पादन आहा तथा रारा तयारी चाउचाउले गर्दै आएको छ । उक्त प्रतियोगिताबाट १ करोड २९ लाख १ हजार रुपैया आम्दानी गर्ने लक्ष्य राखिएको महासचिब रामजी प्रसाद अधिकारीले बताए । उक्त प्रतियोगिता सम्पन्न गर्न १ करोड १ लाख ८१ हजार रुपैयाँ खर्च हुने क्लवले जनाएको छ । यस बर्ष देखि उद्योगपति सुर्य बहादुर के.सी.को स्मृतिमा उत्कृष्ट पाँच विधाको पुरस्कार प्रदान गरिने भएको छ । सुर्यबहादुर के. सी. मेमोरियल वेष्ट गोलकिपर एवार्ड, सुर्यबहादुर के. सी. मेमोरियल वेष्ट डिफेन्डर एवार्ड, सुर्यबहादुर के. सी. मेमोरियल वेष्ट मिडफिल्डर एवार्ड, सुर्यबहादुर के. सी. मेमोरियल वेष्ट स्ट्राईकर एवार्ड र सुर्यबहादुर के. सी. मेमोरियल वेष्ट कोच एवार्ड वितरण गरिने भएको हो । उनीहरुलाई उत्त अवार्डको साथमा जनही नगद २५ हजार समेत प्रदान गरिने भएको छ ।

हरेक खेलको म्यान अफ दि म्याच घोषित खेलाडीलाई सहारा यू. के. ले उपलब्ध गराएको आकषर्क ट्रफीको साथमा ५ हजार प्रदान गरिने भएको छ । उक्त अवसरमा "सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मान २०७७" ले एक जना राष्ट्रिय खेलाडीलाई नगद ३५ हजार, प्रमाण-पत्र र दोसल्ला सहित सम्मान गरिने भएको बरिष्ठ उपाध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए । । सहारा क्लब पोखराका मानार्थ सदस्य खेमबहादुर गुरुङ्गले उक्त नगद पुरस्कारको प्रायोजन गरेका छन्। प्रतियोगितामा विगतमा झै मुख्य प्रायोजक हिमश्री फुड्स प्रा. लि.ले उत्पादित रारा तयारी चाउचाउ वितरण गरिने भएको छ । टिकट काटेर आएका दर्शकहरुलाई १ लाख बराबर को चाउचाउ निःशुल्क वितरण गरिने क्लवले जनाएको छ । साथै प्रतियोगिता अवधिभर टिकट काटी अवलोकन गर्ने दर्शकहरु मध्ये १ जना दर्शकलाई १ थान एल. जि. टि. भि. साथै यस पटकबाट अग्रिम टिकट काट्नको लागि अनलाईन टिकेटिङ्गको लागि स्प्यारो पे प्रा. ली. "खल्ती" बाट सुविधा प्रदान गरिएको छ ।

क्वाटर फाइनलको खेल अवलोकनको लागि दर्शकले १ सय ५० सेमिफाईनलमा २ सय र फाईनल खेलको लागि दर्शकले ३ सय रुपैया तिर्नु पर्ने क्लवले जनाएको छ । प्रतियोगिता अवधिभर खेल हेर्न पाउने गरि क्लवले २ हजारमा सिजनल टिकट उपलब्ध गराएको छ । राखेप सदस्य राजेश कुमार गुरुङ र हिमश्री फुड्स प्रालिका संचालक प्रकाश केसी लगायतले आहा रारा सफल पार्न सहयोग गर्ने बताए । यसैबिच कार्यक्रममा रामनगर चितवनको जगदम्बा आयल स्टोर्सका


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## लोकतन्त्र रक्षा गर्न नेपाली कांग्रेसको नेतृत्व आवश्यक : महत

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

नेपाली कांग्रेसका सहमहामन्त्रीएवं पूर्व परराष्ट्रमन्त्री डा.प्रकाशशरण महत्तले देशमा लोकतन्त्रको रक्षा गर्न नेपाली कांग्रेसको नेतृत्व आवश्यक भएको वताएका छन् ।

नेपाल आदिवासी जनजाति संघ जिल्ला समिति कास्कीद्धारा विहीवार पोखरामा आयोजित नयाँवर्ष २०७८ को क्यालेण्डर विमोचन तथा शुभकामना आदानप्रदान कार्यक्रममा वोल्दै उनले सो कुरा वताएका हुन् ।

नेपाली जनताले ल्याएको लोकतन्त्र कम्युनिष्टका केही सिमित नेताले हरण गर्न लागेको उनले बताए । लोकतन्त्र रक्षाको लागिगाउँगाउँ र वस्ती वस्तीवाट कांग्रेस कार्यकर्ताहरु जुर्मुराउने दिनआएको उनले वताए । नेपालमा कम्युनिष्टहरु टिक्नै नसक्ने उनको भनाई छ । भ्रष्टाचारमा लिप्त हुँदै आफुआफै झगडा गर्ने कम्युनिष्टहरुको बानी भएको उनले वताए । नेपालमा कम्युनिष्टहरुले कुरा वेचेर नाफाकमाए तर कांग्रेसले काम वेच्न नजान्दा घाटा सहनु परेको उनको भनाइ छ । जनताको जनादेशमार्फत नै लोकतन्त्र वचाउन सकिने भन्दै उनले आदिवासी जनजातिहरु एक भएर अगाडि वढ्ने दिनआएको बताए । नेपालमा जनजातिका अधिकारको वारेमा कुरा गर्ने पार्टी कांग्रेस मात्रभएको उनले बताए । कांग्रेसको नीति र नेतृत्वले मात्र देशमा लोकतन्त्रको रक्षा हुने उनको धारणा छ । देशमा आर्थिक सम्वृद्धि भनेको धन सम्पत्तिमात्र नभएर संस्कार र संस्कृति पनि सम्वृद्धिको सूचक भएको महत्वले वताए । नेपालको संस्कृति कृषिमा आधारित भएपनि पछिल्लो समयमालोप हुँदै गएको उनको भनाइ छ । आफ्नो संस्कार र सभ्यताको सम्मान गर्न सकेमा देश समुन्वत वन्दै जाने उनले वताए ।

संघका अध्यक्ष आश वहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व मन्त्री महादेव गुरुङ, संविधान सभा सदस्य शारदा पौडेल, नेपाल महिला संघका केन्द्रीय सदस्यतारा अधिकारी, नेताशुक्रराजशर्मा, प्रदेश सभा सदस्य द्धय विन्दुकुमार थापा, ललितकला गुरुङ, नेतृ सरस्वती गुरुङ, कांग्रेस कास्कीका पूर्व सभापति शोभियत वहादुर अधिकारी, संघका प्रदेश संयोजक जीतवहादुर गुरुङ, कांग्रेस कास्कीका सचिव सुदीप मोहन भट्टराइ, दीवसमान प्रधानाङ्ग, विद्यार्थी नेता विकास थापा, तर्कजोन गुरुङ र सचिव विष्णुकुमार श्रेष्ठले वोलेका थिए ।

## नेपाल समूहले तोक्यो गण्डकी प्रदेशमा जिल्ला इन्चार्ज, अध्यक्ष र सचिव

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

नेकपा एमालेको माधवकुमार नेपाल समूहले गण्डकी प्रदेश कमिटीको सचिवालय कमिटी बनाउनुका साथै १० जिल्लाको अध्यक्ष, सचिव र इन्चार्ज तोकेको छ ।

प्रदेश इन्चार्ज सुरेन्द्र पाण्डेको अध्यक्षतामा बिहीबार लेकसाइड, पोखरामा भएको भेलाले २२ सदस्यीय प्रदेश सचिवालय कमिटी बनाएको छ । कास्कीमा इन्चार्जको जिम्मेवारी धनराज आचार्यलाई दिइएको छ भने सहइन्चार्जको जिम्मेवारी सीता गिरी ओलीलाई दिइएको छ । बिहीबार नै जिल्ला अगुवा कार्यकर्ताको भेलामा नेता माधवकुमार नेपालले आचार्य अध्यक्ष र होम नेपाली सचिव रहेको ७५ सदस्यीय कास्की जिल्ला कमिटी घोषणा गरेका छन् ।

नेपाल समूहले स्याङ्जामा चुणामणि जंगलीलाई ईन्चार्ज, रामचन्द्र भट्टराईलाई अध्यक्ष र भुपराज अधिकारीलाई सचिव तोकेको छ । म्याग्दीमा श्रीमाया थकालीलाई इन्चार्ज र बालकृष्ण सुवेदीलाई अध्यक्ष तोकिएको छ । बागलुङमा इन्द्रलाल सापकोटालाई अध्यक्ष र लालबहादुर थापालाई सचिवको जिम्मेवारी दिइएको छ । सापकोटा गण्डकी प्रदेश सभाका सांसद पनि हुन् । पर्वतमा मोती पौडेललाई इन्चार्ज, भक्त कुँवरलाई अध्यक्ष र पदमपाणि शर्मालाई सचिवको जिम्मेवारी दिइएको छ । तनहुँमा प्रतापलाल श्रेष्ठ इन्चार्ज, शंकनारायण क्षेष्ठ अध्यक्ष र श्रीराम कार्की सचिव तोकिएको छ । गोरखामा इन्चार्जको जिम्मेवारी चुणामणि जंगलीलाई दिइएको छ । यादव बस्नेत अध्यक्ष, सानुमाया बस्नेत सचिव तोकिएका छन् । नवलपुर इन्चार्जमा कृष्ण पौडेल र अध्यक्ष धनञ्जय शर्मा छन् । लमजुङमा रामबाबु अधिकारी अध्यक्ष, हिरा विक सचिव र तनहुँका प्रतापलाल श्रेष्ठले इन्चार्जको जिम्मेवारी पाएका छन् । मनाङमा प्रदेश सचिवालय सदस्य चित्र थापालाई भेला बोलाउने र संगठन बनाउने जिम्मा दिइएको छ भने मुस्ताङमा तय भइसकेको छैन । बिहीबारकोभेलालेजनसंगठन ईन्चार्ज नवलपुरका रवीन्द्र अधिकारी र सोभियत ढकाललाई जिम्मेवारी दिएको छ । भेलाले चैत मसान्तसम्म सबै जिल्ला तथा प्रदेश कमिटीको घोषणा गरिसक्ने निर्णय गरेको कास्की जिल्ला अध्यक्ष धनराज आचार्यले जानकारी दिए ।

## नेकपाको फैसलामा पुनरावलोकन अनुमति नहुने

**रासस**
**काठमाडौं, १९ चैत**

सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नामको सम्बन्धमा परेको मुद्दाको फैसलामा पुनरावलोकन गर्न अनुमति नदिने आदेश जारी गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, न्यायाधीशहरू तेजबहादुर केसी र प्रकाशकुमार ढुङ्गानाको पूर्ण इजलासले आज पहिलाकै फैसला सही भएको ठहर गर्दै नेकपा विवादको मुद्दाका पुनरावलोकन अनुमति नदिने आदेश गरेको हो ।

सर्वोच्च अदालतले गत फागुन २३ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ऋषि कट्टेलको पार्टीको भएको र तत्कालीन नेकपा (एमाले) र तत्कालीन नेकपा (माओवादी केन्द्र) कानूनीरूपमा अलग-अलग पार्टी भएको भनी फैसला सुनाएको थियो । उक्त फैसलाको पुनरावलोकन गर्न यही फागुन १७ गते नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' आफैं सर्वोच्च अदालतमा पुगी पुनरावलोकन निवेदन दर्ता गराएका थिए । पुनरावलोकन निवेदनमा गत फागुन २३ गतेको फैसला सर्वोच्च अदालतको यसअघि प्रतिपादित नजिर र सिद्धान्तको प्रतिकूल गम्भीर त्रुटिपूर्ण रहेको हुँदा पुनरावलोकन हेरी त्रुटिपूर्ण आदेश बदर गरी संविधानअनुसार इन्साफ दिलाइपाऊँ भनिएको थियो । उक्त पुनरावलोकन निवेदनमाथि सुनुवाइ गर्नका लागि अदालतले अनुमति दिनुपर्ने हुन्छ । अदालतले पहिलाको फैसला सही भएको ठहर गर्दै बिहीबार पुनरावलोकनका लागि अनुमति नदिने आदेश जारी गरेको हो ।




# प्रविण गुरुङको स्मृतिमा लुम्लेमा कार्यक्रम जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

लोक गायक स्वः प्रविण गुरुङको स्मृतिमा उनको जन्म गाउँ अन्नपूर्ण-६ लुम्लेमा कार्यक्रम जारी छ।

कार्यक्रम अन्तर्गत मंगलवारदेखि दोस्रो गाउँ स्तरीय पुरुष भलिवल प्रतियोगिता (सुनगाभा कप २०७७) सुरु भएको छ भने खुल्ला दोहोरी गीत प्रतियोगिता तथा स्रष्टा सम्मान शुक्रवारदेखि हुँदैछ। त्यस्तै शुक्रवारै स्वः गुरुङको शालिकको अनावरण गर्ने कार्यक्रम पनि तय भएको छ। लुम्ले स्थित रिनी म्यु (दिदीबहिनी दाजुभाई) समाजको आयोजना तथा गाउँपालिकाको विशेष सहयोगमा कार्यक्रम भएको हो।जुन यहि चैत २१ गतेसम्म चल्नेछ। प्रविण गुरुङ स्मृति प्रतिष्ठान गठन गर्ने, गुरुङको शालिकको संरक्षण र व्यवस्थापन गर्ने, स्वदेश तथा विदेशमा गुरुङलाई



चिनाउने मुल उद्देश्य राखी कार्यक्रम गरिएको हो।

कार्यक्रम अन्तर्गत लेकाली व्याडको लाइभ कन्सर्ट, विविध सांस्कृतिक प्रस्तुति, स्वः धनबहादुर गायकलाई मरणोप्रान्त तथा लेकाली व्याण्डका भोकलिष्ट नविन गुरुङलाई पनि सम्मान गर्ने कार्यक्रम तय गरिएको छ। दोहोरीतर्फ प्रथम हुने समूहले रु.२० हजार, द्वितीयले रु.१५ हजार, तृतीयले १० हजार तथा सान्त्वनालाई रु.६ हजार साथमा प्रमाणपत्र पुरस्कारको व्यवस्था गरिएको छ।त्यस्तै भलिवलमा प्रथम रु.५० हजार ५ सय ५५, द्वितीय ३० हजार ५ सय ५५, तृतीय १५ हजार ५ सय ५५ र सान्त्वना रु. ५ हजार साथमा मेडल र प्रमाणपत्र पुरस्कार दिइने छ। त्यस्तै वेष्ट प्लेयर, ब्लकर र सर्भिसलाई पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ। वि.स २०१८ माघ १ गते जन्मेका गुरुङको गीतसंगितको क्षेत्रमा लाग्दालाग्दै मिति २०५१ साउन २२ गते काठमाण्डौमा सवारी दुर्घटनामा परी निधन भएको थियो।१० वर्षको उमेरबाट घर छाडी सांगीतिक यात्रामा निस्केका गुरुङले डाँफे कला मन्दिरमा नृत्य साथै गायन सिकेका थिए। तत्कालिन गण्डकी अञ्चल स्तरीय गायन प्रतियोगितामा प्रथम हुन सफल गुरुङले पाण्डव सुनारसँग सम्पर्क पश्चात राष्ट्रिय नाचघर काठमाण्डौमा काम पनि गरेका थिए। स्वः गुरुङका यो दाजुको मिरमिरे आँखा, सालैजो हितैको माया, फूल मायामा नभुल, माथीबाट को आयो सालको पात बजाउँदै लगायतका गीतहरु प्रचलित छन्।

# पर्यटन जागरणका लागि घरवास सचेतना

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन एवम् पर्यटन व्यवसायी महिला संघ नेपाल गण्डकी प्रदेशको आयोजनामा पर्वतको मोदी गाउँपालिकामा सञ्चालित लब्सी बोट सामुदायिक होमस्टे र भूकदेउराली सामूदायिक होमस्टेमा घरवास सचेतना गरिने भएको छ।

कोरोना कहरका कारण लामो समयसम्म प्रभावित पर्यटनलाई पुर्नजागरण गराउने लक्ष्यका साथ दुबै होमस्टेका सञ्चालकका लागि गत चैत २० र २१ गते घरवास सचेतना गर्न लागिएको पर्यटन व्यवसायी महिला संघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष रेनु थापा मगरले जानकारी दिए। घरवास पर्यटनका पर्याप्त सम्भावना रहेका लब्सी बोट र भुक देउरालीमा आगामी दिनमा पर्यटकको आगमन बढाउन पनि कार्यक्रम महत्वपवूर्ण बन्ने विश्वास लिइएको उनले बताए। सचेतनानका क्रममा पर्यटकलाई गरिने आतिथ्यता, सत्कार, स्वास्थ्य सुरक्षा मापदण्ड लगायतका विषयमा प्रशिक्षण दिइने जनाइएको छ। संघका निवर्तमान अध्यक्ष लक्की कार्की क्षेत्री, अध्यक्ष रेनु थापा मगर, महासचिव शोभा पाण्डे न्यौपाने लगायत पर्यटन क्षेत्रका विज्ञबाट होमस्टे सञ्चालकहरूलाई तालिम तथा प्रशिक्षण दिइने संघले जनाएको छ। कोरोनाका कारण लामो समयसम्म प्रभावित गण्डकी प्रदेश भित्रका विभिन्न जिल्ला तथा स्थानमा सञ्चालित होमस्टेहरूमा पछिल्ला दिन आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएका अवस्थामा नेपाल पर्यटन बोर्डको सहकार्यमा प्रवर्द्धनात्मक कार्यक्रमलाई पनि अघि बढाइएको छ।

# अब नेपाली आकाशमा इन्टरनेटको सुविधा

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

विदेशी वायुसेवा कम्पनीहरूले नेपाली आकाशमा उडान गर्दा अब दूरसञ्चार सेवा उपयोग गर्न पाउने भएका छन्। नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल नागरिक उडड्यन प्राधिकरणसँगको समन्वयमा विदेशी वायुसेवा कम्पनीलाई आकाशमा नै उक्त सेवा प्रयोगको अनुमति दिन लागेको हो।

गत चैत ९ गते बसेको दूरसञ्चार प्राधिकरण सञ्चालक समितिको बैठकले उक्त निर्णय गरेसगैँ नेपाली आकाशमा विदेशी एयरलाइन्सले इन्टरनेट तथा मोबाइल फोनको प्रयोग गर्न पाउने भएका हुन्। प्राधिकरणले विदेशी वायुसेवा कम्पनीले माग गरेमा दश हजार फिट उचाइमा उक्त सेवा प्रयोगको अनुमति दिनसक्ने निर्णय गरेसगैँ नेपाली आकाशमा दूरसञ्चार सुविधा पाउन सकिने प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए। उनका अनुसार अन्तर्राष्ट्रिय नागरिक उडड्यन सङ्गठन (आइकाओ) बाट अनुमति प्राप्त एयरलाइन्सले उक्त सुविधा पाउनेछन्। आइकाओको अनुमतिको आधारमा प्राधिकरणले उक्त सेवा उपलब्ध गराउन अनुमति दिनेछ। दश हजार फिटभन्दा कम उचाइमा इन्टरनेट सेवा सञ्चालनको अनुमति दिँदा नेपालभित्रको फ्रिक्वेन्सीमा अवरोध हुनसक्ने अनुमान गर्दै उक्त सुविधा दिइएको प्राधिकरणले जनाएको छ। प्राधिकरणमा ३ विदेशी वायुसेवा कम्पनीले आकाशमा इन्टरनेट सेवा सञ्चालनका लागि आवेदन दिएका थिए।

विदेशी कम्पनीको माग (आवेदन)काआधारमाप्राधिकरणले नेपाल नागरिक उड्डयन प्राधिकरण, सञ्चार मन्त्रालयलगायतका निकायसँग छलफल गरी बोर्ड बैठकबाट सेवा सञ्चालनको अनुमति दिने निर्णय गरेको हो। यसअघि भारत र अफगानिस्तानले दश हजार फिटभन्दा माथिको आकाशमा इन्टरनेट सेवा प्रदान गर्दै आएका छन्। उक्त दुई देशपछि आकाशमा दूरसञ्चार सेवा उपलब्ध गराउने दक्षिण एशियाकै तेस्रो देश नेपाल बनेको छ।

# समर्थन फिर्ता लिने सम्बन्धमा माओवादीले छिट्टै निर्णय लिने

**रासस**
**काठमाडौं, १९ चैत**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिने सम्बन्धमा छिट्टै निर्णय लिने भएको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बिहीबार बसेको स्थायी समितिको अनौपचारिक बैठकले एक/दुई दिनभित्र अहिलेको राजनीतिक घटनाक्रमलाई कता लैजाने भनेर निष्कर्ष निकाल्ने निर्णय गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए। "आज अनौपचारिक बैठक बस्यो। एक/दुई दिनभत्र औपचारिक बैठक बस्दैछ। बैठकको तयारीस्वरुप आजको बैठक बसेको हो। पछिल्लो राजनीतिक परिस्थितिको विश्लेषण, विभिन्न राजनीतिक दलसँग भएको वार्ता संवादका विषयमा छलफल भयो", उहाँले भन्नुभयो, "अहिले पनि परिस्थिति अझै स्पष्ट भइसकेको छैन। विभिन्न राजनीतिक पार्टीहरूसँगको वार्ताका क्रममा अहिलेको राजनीतिक परिस्थितिमा कसरी अगाडि बढ्ने भन्नेबारेमा निर्क्योल गर्न केही समय माग गरेका छन्। पार्टीसँग छलफल गरेर निष्कर्षमा पुग्छौं।" वर्तमान सरकारलाई आफूहरूको समर्थन नरहेको जिकिर गर्दै उहाँले केही प्राविधिक कारणले मात्र सरकारलाई समर्थन गर्नुपरेको बताउनुभयो। "अहिलेको सन्दर्भमा हामीले समर्थन फिर्ता भनेर चिठ्ठी लेखेका छैनौँ", उहाँले भन्नुभयो, "पार्टीको एकतापछि संविधानको धारा ७६ (१) को सरकार भएको थियो। ७६ (१) को सरकारलाई सर्वोच्च अदालतको फागुन २३ गतेको फैसलाले नेकपालाई दुईवटा पार्टीमा विभाजन गरिदिइसकेपछि हामीसँग समर्थन मागेको पनि छैन, हामीले पनि समर्थन गरेका पनि छैनौँ।" बैठकमा पार्टीका सङ्गठानिक प्रक्रिया कसरी अगाडि बढाउने, देशव्यापीरूपमा अभियान कसरी लैजाने, राष्टियरूपमा प्रशिक्षण, भेला वा सम्मेलन के गर्ने भन्नेबारेमा पनि प्रारम्भिक छलफल भएको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो। बैठकले अब बस्ने स्थायी समिति बैठकले स्थगित पार्टीको केन्द्रीय समितिको बैठक, भेला तथा प्रशिक्षण छिट्टै गर्ने सम्बन्धमा निर्णय गर्ने पनि उहाँले जानकारी दिनुभयो।

# आहा...

संचालक गणेश शर्माले सहारा एकेडेमीका वालकहरुको लागि २६ थान ट्र्याक सुट सहयोग हस्तान्तरण गरेका छन्।

यसैबिच सहारा यू.के.को एक टोलीलाई क्लवले पोखरामा स्वागत गरेको छ। क्लवका अध्यक्ष केशव बहदुर थापा सहितको टोलीले कमल गुरुङको नेतृत्वको १४ सदस्य टोलीलाई पोखरामा स्वागत गरेको क्लवले जनाएको छ। गुरुङ सहारा यु.केका सदस्य हुन, उनीसंगै सल्लाहकारहरु महेश गुरुङ, मुछेत्र गुरुङ, दीलरास गुरुङ, चन्द्रमान गुरुङ र सदस्यहरुमा दीलिप कुमार गुरुङ, लालकाजी गुरुङ, सुधा गुरुङ, भोजबहादुर गुरुङ, सुर्य गुरुङ, जुमकाजी गुरुङ, नरेश गुरुङ, डम्मर घले र तर्कजंग गुरुङ टोलीमा सहभागि भएका थिए।

# एक महिनामा भित्रिए १५ हजार विदेशी नागरिक

**रासस**
**काठमाडौं, १९ चैत**

कोरोना महामारी र लामो समयको बन्दाबन्दीपछि नेपालमा पर्यटन गतिविधि सहज हुन थालेको छ।

कोरोना महामारीका कारण नेपाल सरकारले गरेको बन्दाबन्दीपछि हालसम्मकै सबैभन्दा धेरै विदेशी पर्यटक मार्च महिनामा नेपाल भित्रिएका छन्। अध्यागमन विभागले सार्वजनिक गरेको मार्च महिनाको तथ्याङ्कअनुसार एक महिनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै विभिन्न १३८ देशबाट १४ हजार ९७७ विदेशी नागरिक नेपाल भित्रिएका छन्। तीमध्ये ११हजार दुई पुरुष र तीन हजार ९६३ महिला र १२ अन्य नागरिक रहेका छन्।

विभागको तथ्याङ्कअनुसार एक महिनामा सबैभन्दा धेरै भारतबाट सात हजार ६५८ पर्यटक नेपाल भित्रिएका छन्। जसमा छ हजार १६९ पुरुष, एक हजार ४७७ महिला र १२ अन्य नागरिक रहेका छन्। यसैगरी चीनबाट एक हजार २०७ पर्यटक नेपाल भित्रिएका छन्। जसमा एक हजार २९ पुरुष र १७८ महिला छन्। एक महिनामा अमेरिकाबाट एक हजार ५६ पुरुष र ६४७ महिला गरी एक हजार ७०३ विदेशी पर्यटक नेपाल भित्रिएका छन्।विभागको तथ्याङ्कअनुसार गत जनवरीमा आठ हजार ८७४ र फेब्रुअरीमा नौ हजार १४६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए। गत फेब्रुअरीको तुलनामा मार्च महिनामा झण्डै पाँच हजार बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन्। यसैगरी एक महिनामा नौ हजार ५८७ विदेशी पर्यटक स्वदेश फर्किएका छन्। जसमा छ हजार ६६३ पुरुष, दुई हजार ९१३ महिला र ११ अन्य नागरिक रहेका छन्।यस्तै एक महिनामा ४९ हजार पाँच नेपाली विदेश गएका छन्। जसमा चालिस हजार ५६ पुरुष, आठ हजार ८४८ महिला र एक अन्य नागरिक रहेका छन्।एक महिनामा त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल हुँदै ७१ हजार २७० जना नेपाल भित्रिए भने ५८ हजार ५९२ जना बाहिरिएका छन्।


## हार्दिक बधाई



श्री विष्णुकमार श्रेष्ठ "अल्पविराम"



श्री नारायण प्रसाद सुवेदी



श्री सन्तुमाया गिरी

पोखरा महानगरपालिका वडा नं. ८ मा हालै गठन भएको जेष्ठ नागरिक वडा मञ्चको अध्यक्ष पदमा यस समाजका आजिवन सदस्य **श्री विष्णु कुमार श्रेष्ठ "अल्पविराम"**, कोषाध्यक्ष पदमा **श्री नारायण प्रसाद सुवेदी** र सदस्यपदमा **श्री सन्तुमाया गिरी** सर्वसम्मत निर्वाचित हुनुभएकोमा उहाँहरुलाई **हार्दिक बधाई** ज्ञापन गर्दै पूर्ण कार्यकालको सफलताको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**भक्तराज श्रेष्ठ**
**अध्यक्ष तथा**
**जेष्ठ नागरिक सरोकार समाज नेपाल**
**पोखरा-९ कास्की परिवार**





## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सहकारीको सान्दर्भिकता बढ्दै

वि.सं. २०१३ सालमा चितवनमा स्थापना भएको वखान ऋण सहकारी ६४ वर्षमा पुरा भएको छ । नेपालको सहकारी आन्दोलनलाई अगाडी बढाउन वखान सहकारीले मार्गदर्शन गरेको छ । ६४ औं सहकारी दिवसको अवसरमा देशभरि नै विभिन्न कार्यक्रम गरी मनाइएको छ । सहकारी दिवसमा निकालिएका जुलुस र झाकीँले सहकारीको शक्ति ग्रामीण तहसम्म पुगेको झल्काउँछ ।

विश्वमा सहकारी अभियानको प्रारम्भ १८ औं शताब्दीको औधोगिक क्रान्तिको परिणामबाट शुरु भएको हो । सन् १८४४ मा बेलायतमा पाउरोटी कारखाना खोलेर सहकारीको नयाँ अध्याय शुरु भएको मानिन्छ । नेपालमा २०१० सालमा योजना तथा विकास मन्त्रालय अन्तर्गत सहकारी विभाग राखिएको थियो । २०१३ साल चैत्र २० गते चितवनमा बखान ऋण सहकारी स्थापना भयो । चितवनको बखान सहकारीले मान्यता पाएकै दिनलाई सहकारी दिवस मनाउन थालिएको छ ।

छरिएर रहेको पुजीलाई एकिकृत गर्दै आर्थिक उपार्जनका काममा प्रयोग गर्न सहकारी प्रभावकारी बन्दै गएको छ । समाजका विभिन्न क्षेत्रका व्यक्तिहरुले आफ्नो समुदाय र वर्गका श्रम, पूजी र सीपलाई अधिकतम रुपमा परिचालित गरी सदस्यको आवश्यकता परिपूर्ती गरी आर्थिक हित र उन्नतीका लागि व्यवसायीक क्रियाकलाप सहकारीले संचालन गर्दै आएकोछ । प्रजातान्त्रिक प्रणालीका आधारमा सहकारी संचालन मात्र भएको छैन प्रजातान्त्रिक अभ्यास पनि हुदैं आएको छ । सहकार्यको भावनाबाट संचालन हुने हुँदा सबै सदस्यको सहकारी तर्फ आर्कषण बढ्दै गएको छ। नेपालमा सहकारीलाई व्यवस्थित रुपमा संचालन गर्नु भन्दा शासन प्रणाली अनुरुप चलाउन खोजियो । कहिले सहकारी, कहिले साझा, कहिले कृषि विकास बैंक, कहिले साना किसान अर्न्तगत चलाउने काम भयो । २०४८ मा सहकारी ऐन बनेपछि बल्ल व्यवस्थित रुपमा चलाउन थालिएको छ । संविधानले नै सहकारीलाई आर्थिक मेरुडण्डको एउटा आधार मानेको हुँदा व्यवस्थित रुपले संचालन गर्न कानुन संसोधन गरेर अधिकार पालिका तहसम्म संचालन गर्न थालिएको छ ।

नेपालमा सहकारीले दुर्गम र ग्रामीण क्षेत्रका जनतालाई आर्थिक गतिविधि गर्ने अवसर दिएको छ । बैंक तथा बित्तीय संस्थामा पुग्न नसकेको ठाउँमा सहकारी पुगेको छ । संबिधानले सहकारीलाई आर्थिक मेरुदण्डको रुपमा स्वीकार गरेको । राज्य, निजी क्षेत्र र सहकारी तीन क्षेत्रको मध्यामबाट देशको आर्थिक समृद्धि हासिल गर्न सकिने मान्यता लिएको छ । सहकारीमा जनताको आर्कषण बढे संगै यसलाई व्यवस्थित गर्न ऐनमा परिमार्जन गरिएको छ । सहकारीको कार्य क्षेत्र संघ (केन्द्र) प्रदेश र स्थानीय सरकारले कानुन बनाएर नियमन गर्दैछ । स्थानीय तहले बनाएका नियम सहकारी मैत्री हुन नसकेको गुनासो अभियन्ताको छ । सहकारीको मुल्य र मान्यता बिपरीत गएर नियन्त्रण गर्ने सोच राख्नु सहकारीलाई अघि बढ्न नदिनु हो ।

सहकारी अभियन्ता र अरुले पनि सहकारीका नाममा बैंक तथा बित्तीय सस्थाले जस्तै काम गर्न पाउनुपर्छ भन्ने मान्यता राख्नुहुदैन । सहकारीको मुल्य र मान्यातामा आघात नपुग्ने गरी जनताको रकम डुब्न नदिने व्यवस्था भएमा सहकारी अभियानले सार्थकता पाउने छ । सहकारी दिवस मनाईरहदा सहकारीलाई कसरी जनताको रकम नडुब्ने र आर्थिक गतिविधिमा संलग्न गराउने नीति बनेमा मात्र सहकारीको शक्ति र महत्व बढेर जानेछ । बचत संकलनमा गरिबकोमा पुग्ने, ऋण लगानी गर्दा धनीलाई जोड दिने परिपाटी हटाउनुपर्दछ । हिजोका साहु र बैंकले जस्तै सहकारीले पनि धेरै व्याज खाने प्रणाली रहेसम्म गरिब गरिबनै रहने अवस्था रहन्छ । स्थानीय र प्रदेशले राम्रोसँग नियमन गरेमा सहकारीमा देखिएको विकृति हटने र जनताका विचतमा सहकारीलाई स्थापित गराउन अभियान्ताहरुले अभियान चलाउनु आवश्यक छ ।

# युवाको रोजाइमा पर्यटन



ईश्वर सुवेदी

जन्मस्थान म्याग्दीमा स्कुले शिक्षा पुरा गरेपछि २०६६ सालमा उहाँ कलेज पढ्नको लागि पोखरा झर्नुभयो । कुन बिषय पढ्ने भन्ने टुंगो थिएन । हेर्दै जाँदा पोखराको पर्यटन क्षेत्रले आकर्षित गर्यो । अनि यहीको पर्यटन क्षेत्रमा केही गर्ने संकल्पले पर्यटन विषय लिएर क्याम्पस भर्ना हुनुभयो । यो बीचमा विदेश जाने सोच पनि नआएको होइन । पढाई सकेपछि भने पछिल्लो करीब आधा दशकदेखि पोखरामै रहेर पर्यटन विषय प्राध्यापन गर्दै आउनुभएको छ, ईश्वर सुवेदीले । उहाँसँग पर्यटनमा युवाको सहभागिता लगायत विषयवस्तु माथि केन्द्रित रहेर पोखरापत्रका दीपेन्द्र पहारीले गर्नुभएको कुराकानी :

**▶▶हालको पर्यटन क्षेत्रबारे तपाईंको टिप्पणी ?**

प्रकृति र संस्कृतिले धेरै दिएको छ पोखरालाई । तरपनि दक्ष जनशक्तिको कमी, पर्यटनको ज्ञान र शिक्षाको कमी र धेरै बेथितीहरु चिर्न बाँकी छ । सुधार गर्नुपर्ने धेरै पक्षहरु छन्, जुन सम्भव छ । यसमा सबैको हातेमालोको उतिक्कै आवश्यक छ ।

**▶▶कस्तो छ पर्यटनमा जनशक्तिको अवस्था ?**

शहरी क्षेत्रमा त सुधारिदै जादै छ किनकी पोखराले पनि आवश्यक जनशक्ति उत्पादन गरिरहेको छ । पर्यटनमा रोजगारीको धेरै सम्भावना छ । जहाँसम्म ग्रामीण पर्यटनको कुरा छ, त्यहाँ तालिमको आवश्यकता छ । हामीले पनि धम्पुस, अस्ताम् लगायतका पोखरा वरिपरीका होमस्टेहरुमा, खाना लगायत आतिथ्यताका बारेमा तालिम संचालन गर्यो । अहिले गाउँमा पनि पर्यटन मार्फत जीविकोपार्जनको अवसर सृजना भएको छ । गाउँको आतिथ्यतामा जस्ता पर्यटक आत्मीयता अन्त कतै भेटिदैन, जुन निकै खुशीको कुरा हो ।

**▶▶तपाईंको जन्मस्थान म्याग्दीमा पर्यटनको कस्तो सम्भावना छ ?**

भौगोलिक हिसाबले सुन्दर ठाउँ अनि बहु सांस्कृतिले धनी भएकाले पनि म्याग्दीमा प्रचुर मात्रामा पर्यटनको सम्भावना छ । धौलागिरी आईस फल, रुप्से भ्यू पोइन्ट जस्ता पर्यटकीय क्षेत्र छन् । पछिल्लो समय काठमाडौंदेखि म्याग्दीको गलेश्वर हुँदै राखु भगवतीसम्मको साईकल यात्राले रुप्स भ्यू पोइन्टलाई अझै प्रर्वधन गरेको छ ।

**▶▶पर्यटन क्षेत्रमा आउन चाहने युवालाई के सन्देश दिन चाहनुहुन्छ ?**

नेपालमा विश्व सम्पदा सूचीमा रहेका धेरै पर्यटकीय स्थानहरु छन् । तिनको संरक्षण र सम्बर्द्धन गरी भावी पुस्ताका लागि जोगाउनु अहिलेका युवा पिढीको कर्तव्य हो । अब युवाहरु जागरुक भएर प्राकृतिक तथा पर्यटकीय संरचनाको इन्नोभेटिभ तरिकाले परिचालन गर्नुपर्छ ।

**▶▶हाल कोभिडले मारमा परेको पर्यटन क्षेत्रलाई हेर्दा के भन्नुहुन्छ ?**

पक्कै पनि कोभिड १९ को महामारीले पर्यटन क्षेत्रलाई धेरै असर गऱ्यो । अझ भन्नुपर्दा व्यवसाय त धरासायी नै भयो । कती त उठ्नै नसक्ने गरी थला परेका छन् । यसमा सरकारी तवरबाट जती सक्दो छिटो यथोचित सम्बोधन गर्नुपर्छ ।

**▶▶पोखराका शैक्षिक संस्थाको पर्यटन विकासमा कस्तो भूमिका छ ?**

पर्यटन पढाई हुने शैक्षिक संस्थाले गुणस्तरीय शिक्षा प्रदान गरेर युवाहरु विदेश पलायन हुनबाट रोकेका छन् । किनकी पढाईपछि विद्यार्थीले यहीको पर्यटन क्षेत्रमा रोजगारीको अवसर प्राप्त गरिरहेका छन् । त्यसैले पोखराका शैक्षिक संस्थाको पर्यटन विकासमा महत्वपूर्ण योगदान रहेको छ ।

**▶▶पोखराको पर्यटनका आगामी दिन कसरी अघि बढ्लान् जस्तो लाग्छ ?**

यहाँ आउने पर्यटकले स्वर्गको अनुभूति गरेको पाएको छु । यहिबाट नजिकै ट्रेकिङ र पछिल्लो समय साहसिक पर्यटनले पनि गति लिएकाले पोखरामा पर्यटनको भविष्य अति सुनौलो छ । खेल पर्यटनको पनि उत्तिकै सम्भावना बोकेको छ पोखराले । अर्को कुरा, पोखराको क्रेज अझै बढाउन धेरै रचनात्मक संरचनाहरुको विकास हुन जरुरी छ ।

**▶▶सरकारी निकाय लगायत टुरीजम् बोर्डको भूमिका कस्तो पाउनुभएको छ ?**

पर्यटन प्रवर्द्धनमा पर्यटन बोर्डले अहम् भूमिका खेलेको छ यद्यपी सरकारी निकायबाट पर्यटन विकासका लागि धेरै पहल गर्नुपर्ने देखिन्छ । हाम्रो पर्यटनको इतिहास धेरै पुरानो होइन, विस्तारै अघि बढ्दै छ । विदेशमा भएका पर्यटन विकासको सिको गर्न सके पनि हामीले धेरै गर्न सक्छौ । तर यसमा सबैले हाम्रो मौलिकता सही ढंगले पर्यटकलाई पस्कनुपर्ने हुन्छ ।

**▶▶तपाईंका आगामी योजना के कस्ता छन् ?**

हाललाई प्राध्यापनलाई नै निरन्तरता दिएर केही वर्षको विश्राम पछि एउटा कल्चरल रिजोर्टको कन्सेप्ट लिएर अघि बढ्ने सोचमा छु । यस्तो रिजोर्ट जसका नेपाली कला संस्कृति झल्काउदैं नेपाली चिनारी सहितको आतिथ्यता प्रदान गर्न सकियोस् । जहाँबाट पर्यटकले नेपालीपन झल्कने सम्झना बोकेर जान सकुन् ।

# मौसम पूर्णरूपमा सफा हुन अझै केही समय लाग्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

काठमाडौँ उपत्यकासहित देशको पहाडी भूभागमा बुधबार भएको वर्षाले वायु प्रदूषण केही कम भएको छ ।

गत शुक्रबारदेखि एक्कासि धुम्मिएको मौसम बुधबार बेलुका हल्का पानी परेसँगै केही सफा भएको हो । जल तथा मौसम विज्ञान विभागका अनुसार पश्चिमी वायुको प्रभावले काठमाडौँसहित देशको पहाडी भूभागका केही स्थानमा हिजो बेलुका हल्का वर्षा भएको जनाएको छ । तुवाँलो पूर्णरूपमा हटी मौसम सफा हुन् भने अझै केही समय लाग्ने वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले बताउनुभयो । उहाँका अनुसार तुवाँलो पूर्णरूपमा हटी मौसम सुधार हुन् हावाको गति बढ्नुपर्छ । बुधबार काठमाडौँ उपत्यकामा ७ दशमलव ८ मिलिमिटर वर्षा भएको थियो ।

पश्चिमी वायुको प्रभावले हाल देशको पहाडी भूभागमा आंशिकदेखि सामान्य बदलिको साथै बाँकी भूभागमा बदली नरहे तापनि तुवाँलो रहेको छ । दिउँसो देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही प्रदेश एक, बाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागका थेरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको बताइएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार बिहीबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम १३ दशमलव ६ डिग्री र अधिकतम तापक्रम २६ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ ।

त्यस्तै बिहीबार सबै भन्दा कम जुम्लाको न्यूनतम तापक्रम तीन दशमलव शून्य डिग्री र सबै भन्दा धेरै दिपायलको अधिकतम तापक्रम ३४ दशमलव ६ डिग्री सेल्सियस रहेको छ ।

# लोकतन्त्र जोखिममा : वरिष्ठ नेता पौडेल

**रासस**
**काठमाडौं, १९ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अहिले देश, लोकतन्त्रलाई जोखिममा पार्ने तथा पहिचान र संस्कार मेटाउने काम भएको बताउनुभएको छ ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य स्व नवीन्द्रराज जोशीको सातौँ दिनको पुण्यतिथिमा देवघाटमा आज आयोजित अस्तु विसर्जन एवं श्रद्धाञ्जलि समारोहलाई सम्बोधन गर्दै उहाँले अहिलेको अनिश्चितताको कालो बादलका कारण देश कहाँ जान्छ भन्ने भन्न नसकिने अवस्थामा पुगेको धारणा व्यक्त गर्नुभयो । उहाँले थप्नुभयो, “देशमा अहिले अनिर्णयको कालो बादल छाइरहेको छ । लोकतन्त्रमाथि अनिष्ट हुने खतरा छ ।” अहिले सबैतिर चिन्ता छाएको हुनाले सबै सजग भएर विखण्डनको धारणा राख्नेलाई विकल्प दिनुपर्ने उहाँको जिकिर थियो । अहिले देशमा जोशी जस्ता योग्य र इमान्दार नेताको खाँचो रहेको नेता पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, “जोशी एक योग्य र इमान्दार नेता हुनुहुन्थ्यो । अब यस्ता नेताको पूर्ति कसरी गर्ने ।” कांग्रेसले एक कुशल नेता गुमाउनु परेकामा दुःख लागेको नेता पौडेलले बताउनुभयो । नेता जोशीले देश र जनतालाई आफूभन्दा माथि राख्दै काम गरेको बताउँदै उहाँले जोशीको समर्पणलाई पूरा गर्नु कांग्रेसको जिम्मेवारी रहेको बताउनुभयो । कार्यक्रममा कांग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठ, गलेश्वर आश्रमका पिठाधीश १००८ स्वामी आत्मानन्द गिरिजी महाराज, गण्डकी प्रदेशका संसदीय दलका नेता कृष्णचन्द्र नेपाली, पूर्वमन्त्री यज्ञबहादुर थापा, तनहुँ कांग्रेसका सभापति वैकुण्ठ न्यौपाने, नवलपुरका सभापति विष्णु लामिछाने, गुल्मीका सभापति भुवन श्रेष्ठ, धादिङका सभापति रमेश धमलालगायतले बोल्नुभएको थियो ।

# भारतमा कोरोना भाइरसबाट एकै दिनमा ४५९ को मृत्यु

**रासस**
**काठमाडौं, १९ चैत**

भारतमा कोरोना भाइरस संक्रमणबाट एकै दिनमा ४५९ जनाको मृत्यु भएको छ । एकै दिनमा कोरोनाबाट ४५९ जनाको मृत्यु हुनु यसवर्ष शुरु भएयताको नै सब भन्दा धेरै संख्या भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ ।

बुधबार कोरोनाबाट ४५९ जनाको मृत्यु भएपछि यहाँ यस प्रकोपको कारण ज्यान गुमाउनेको सङ्ख्या एक लाख ६२ हजार ९२७ जना पुगेको उक्त मन्त्रालयले जनाएको छ । गत जनवरीमा कोरोना संक्रमितको दैनिक संख्या १० हजार भन्दा कम भएको थियो । जनवरी २५ र २६ का दिनमा भारतमा २४ घण्टामा कोरोना भाइरस संक्रमित संख्या करिब ९ हजार १०० भएको थियो । कोरोना संक्रमितको उक्त संख्या यसअघिका २३७ दिनहरुका सब भन्दा कम थियो । हालका केही दिनयता भारतमा कोरोना संक्रमित र सक्रमणबाट मृत्यु हुने व्यक्तिको सख्या बढ्न थालेको भारतीय सरकारी अधिकारीहरुले जानकारी दिएका छन् । गत २४ घण्टामा ७२ हजार भन्दा बढी व्यक्तिमा कोरोना संक्रमण देखिएपछि कूल संक्रमितको सङ्ख्या एक करोड २२ लाख २१ हजार भन्दा बढी पुगेको छ ।कूल सङ्क्रमितमध्ये पाँच लाख ८४ हजार ५६६ जना अहिले पनि संक्रमित अवस्थामै रहेका छन् भने एक करोड १४ लाख ७४ हजार भन्दा बढी संक्रमणमुक्त भएका छन् ।

भारतमा जनवरी १६ बाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म ६ करोड ५० लाख भन्दा बढीले खोप लगाइसकेका छन् । त्यसैगरी कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ । परिषद्का अनुसार सोमबारसम्म भारतमा २४ करोड ४६ लाख हजारभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : झमेला बड्ने | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शारिरीक झमेला | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**घर जग्गा खरिद बिक्री**

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उम्रान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

**नि:शुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!**

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर **(BMTC)** बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम **(STSE)** परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **नि:शुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata
EUROPEAN UNION
BRITISH COUNCIL

# सहकारी दिवस २०७७

संगिता गौतम तिमिल्सिना



आज ६४औं राष्ट्रिय सहकारी दिवस प्रथमत; सबै सहकारी अग्रज, अभियानता र सहकर्मी साथीहरुलाई नमन साथै शुभकामना ! आनन्द लाग्छ सहकारी शब्द उच्चाहरण गरि रहँदा र यसैको प्रेमी भएर यसैको शब्द शब्दलाई केलाउँदा, यसैका नीति, नियम तथा विधिलाई मानसपटलमा खेलाउँदा र यसैको माध्यमबाट बास्तविक समस्या परेका साथीहरुको थोर-बहुत मलमको रुपमा सहकारी मार्फत सहजिकरण गर्न पाउँदा।

सन् १८४४ मा बेलायतको रोचडेल सहरका मजदुरहरुको आन्दोलन सहकारीमा रुपान्तर भए जस्तै नेपालको चितवन जिल्लाको शारदानगरका किसानहरुको आन्दोलनले पनि नेपालमा वि.स.२०१३ साल चैत्र २० गते सहकारी आन्दोलनको मूर्त रुप लिन सक्यो र सहकारीको विजारोपण भयो । आजको दिन बखान सिंह गुरुङ्ग सहकारीका नेपाली पिताको रुपमा हामीले पायौ र आज हामीले त्यसैको अनुसरण गर्दै लाखौ लाख मानवजीवनको उथानको लागि सहजीकरण गर्दै आएको छ र सरकारले पनि तीन खम्बे अर्थनीति अन्तरर्गत एउटा मुख्य खम्बाको रुपमा सहकारीलाई लिएको छ।

सहकारी शब्द सह-सँगसगैं, कारी-काम गर्ने अर्थात सँगसँगै काम गर्ने मानिसहरु भन्ने अर्थ दिन्छ। "एक थुकी सुकी, सय थुकी बगी" भन्ने उखानलाई चरितार्थ सहकारीले गर्दछ। समान किसिमका व्यबसाय, प्रवृत्ति वा वातावरण भएका मानिसहरुको समूहदूरानै सहकारी संस्था संञ्चालित हुन्छ। यसले एक पछि अर्काको समस्याको समाधान गर्दै सम्पन्नतामा पुयाउँदछ। हिजो हाम्रा आमा, दिदी, बहिनीका पोटुकाका टुप्पा र पछौरीका फुर्कामा गुटमुट्याईएका स-साना रकम, आज सहकारी मार्फत अर्ब र खर्बको रुप लिन सफल भएका छन् । फूर्सदिला दिदी-बहिनीहरुलाई साना लघुउद्यमबाट ठूलो उद्योगपति बनाउन सिकाएको छ । रोजगारीको मूलथलो बन्न बनाउन सिकाएको छ। अझ भन्नै पर्दा बैंक वित्तीय संस्थामा काम गर्ने भाई, बहिनीहरुलाई त एउटा Training Institute को रुपमा पनि काम गरेको छ । तर त्यसरी सिक्ने थलो मात्र बनाइनु हुँदैन। वास्तवमा सहकारीले जति चौतर्फी सुविधा दिने सायद कुनै पनि निकाय छैन होला । यसले आर्थिक पाटोलाई मात्र ध्यान नदिई सामाजिक,साँस्कृतिक आदि लगायतका विविध विधामा उल्लेखनीय भूमिका खेलेको हुन्छ । सहकारी सदस्य केन्द्रित सामुदायिक व्यबसाय हो।

सहकारीमा सुशासनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । लाग्छ एउटा सहकारी नीति, विधि र प्रविधिमा राम्ररी चलाएको सहकारीकर्मीले तल्लो तहका सदस्यको समस्यालाई पहिचान गर्नुको सँगसँगै माथिल्लो लेभलको सदस्यको भावनामा पनि भिजेको हुन्छ र उनीहरुको इच्छा र आवश्यकता अनुसार सुहाउँदो भूमिका खेलेको हुन्छ। त्यसै भोलि देशको वहाकको रुपमा उभिन पनि उसले राम्रोसँग सक्छ । सच्चा सहकारीकर्मी स्वार्थी हुनुहुँदैन, सबैलाई सम्मान गर्नुपर्छ। थोरै शेयर हुनेको अधिकार पनि उत्तिकै हो भने धेरै हुनेको पनि अधिकार उत्तिकै हुनुपर्छ। यही त सहकारीको शेयर समान हुनुपर्छ भन्ने मान्यता पनि अगाडि सरेको छ। यो सन्दर्भ जहायज पनि छ किनकी सहकारीमा समान व्यवहार र समान पहुँच हुनको लागि दायित्व पनि समानै हुन जरुरी छ। 'सुखी नेपाली, समृद्ध नेपालको' परिकल्पना साकार पनि सहकारी मार्फतमै सम्भव छ। सुखी भनेको,मानिसलाई जिउनको लागि आवश्यक सम्पूर्ण तत्वहरुको सहज उपलब्धता हुनुको साथै स्वयंम जीविकोपार्जन गर्न सक्नु हो भने समृद्ध नेपाल भनेको, यहाँ बसोबास गर्ने नेपालीलाई कुनै पनि सहायता छिमेकी सित लिन नपर्नु आफूलाई आवश्यक बस्तु वा सेवा आफ्नै देशभित्र उपलब्ध हुनु हो । यसको लागि उद्यमशीलताको आवश्यकता पर्दछ। यो उद्यमशीलता सहकारीले नै सिकाउँछ।

हामीमा पैदा हुने अल्छीपना वा आलस्यता हाम्रो प्रगतिको सबै भन्दा घातक तत्व हुन, जसले भोलि भन्ने हाम्रो बानी बसेको हुन्छ- भोलि फेरी साँच्चैको भोलि हो, त्यो कहिल्यै पनि आउँदैन। आजै हामीसँगै छ र आज जहिले पनि आजै आएको हुन्छ त्यो भोलि बन्न सक्दैन भन्ने हामी सहकारीकर्मीले बुझ्नुपर्छ । भोलि शब्द प्रगतिको बादक हो । सहकारीकर्मी वा अभियानताले भोलि शब्दको अनुसरण गर्न हुँदैन । सहकारी क्षेत्रको प्रर्बद्धनको लगि विद्यालय तहको पाठ्यक्रममा आधार भूत सहकारी शिक्षा सम्बन्धी विषयबस्तुलाई समावेश गर्नुपर्छ र देशका समस्त युवाहरुमा सहकारी भावना भिजाएर क्षेत्रगत तथा भूगोलको आधारमा उत्पादन गरी आत्मनिर्भरको बाटोलाई रोज्नुपर्छ। सच्चा सहकारीकर्मी लगनशील र मेहेनेती हुनुपर्छ । नेपालमा सहकारी क्षेत्रको संख्यात्मक विकास उत्साहजनक भए तापनि गुणात्मक विकास हुनको लागि प्रयास भईरहेको छ । हाल मुलुकभर २९८८६ सहकारी संघसंस्थाहरु क्रियाशील रहेका छन्। १ राष्ट्रिय सहकारी महासंघ, १ राष्ट्रिय सहकारी बैंक, २० वटा विषयगत केन्द्रिय सहकारी संघहरु क्रियाशील रहेका छन् । त्यस्तै गरी संघीय संरचना अनुसार थुप्रै प्रदेश एंवम् स्थानीय तहहरुमा संघहरुको गठनको तयारी भएको छन् । यसैगरी कास्कीको हकमा एउटा जिल्ला सहकारी संघ र ५ वटा विषयगत संघहरु छन् भने २०७५ सालमा Cooperative Manager Club कास्कीको गठन भएको छ। अन्तमा सम्पूर्ण सहकारी मनहरुमा सादुवाद व्यक्त गर्दै पुन शुभकामना दिन चाहान्छु। हामी सहकारीकर्मी र अभियान्ताले कुनै पनि अफ्ट्यारो वातावरण रअसजिलो परिस्थितिलाई सजिलो र सहजीकरण गर्ने हो।

सहकारी स्वच्छ सामुदायिक सेवा गर्ने संस्था हो। यसमा आबद्ध सदस्यहरुले एउटा कुवामा रहेको सगंलो र चिसो पानी सबैले पिएर प्यास मेटाएको अनुभूति गर्न सकुन भन्दै शुभकामना लेखनलाई यही बिट मार्दछु। जय सहकारी !

-कर्मशील साकोस पोखरा-८, सभागृहचोक, कास्की

# जनगणनाका लागि चार गुणा बढी आवेदन

पोखरापत्र संवाददाता
दमौली, १९ चैत

जनगणना २०७८ का तनहुँमा दुई हजार ३४६ ले निवेदन दिएका छन् । जिल्ला जनगणना कार्यालयका अनुसार अनलाइनमा पूर्ण विवरण भरेर दरखास्त दिनेमध्ये महिलाको सङ्ख्या बढिरहेको छ।

जिल्ला जनगणना अधिकारी नन्दलाल सापकोटाले तनहुँमा एक हजार ६२५ महिला, ७१९ पुरुष र दुई अन्य लिङ्गीको दरखास्त परेको जानकारी दिनुभयो । "जनगणनाका लागि आवश्यक भन्दा चार गुणा बढी निवेदन परेको छ, त्यसमध्ये पनि महिलाको सङ्ख्या अधिक छ," सापकोटाले भन्नुभयो। आवेदन दिनेमध्ये दुई सय आठ महिला र ८३ पुरुषले गणक र सुपरिवेक्षक दुवैका लागि फारम भरेका छन्।

उहाँका अनुसार जिल्लामा ५३५ गणक र १२० सुपरिवेक्षक खटाइनेछ । "चैत १९ गतेसम्म प्राथमिक सूची पठाउने कुरा छ, त्यसपछि सङ्ख्या कति हुन्छ थाहा हुन्छ," उहाँले भन्नुभयो । जिल्लामा तथ्याङ्क सङ्कलन दुई चरणमा सञ्चालन गरिनेछ।

पहिलो चरणमा विसं २०७८ वैशाख २६ गतेदेखि जेठ १४ गतेसम्म २० दिन सञ्चालन हुनेछ । उक्त क्रममा सुपरिवेक्षकद्वारा प्रत्येक घर तथा परिवारमा पुगी घर तथा घरपरिवार सूचीकृत फारममार्फत् घरसम्बन्धी विवरण, परिवारमा अक्सर बसोबास गरेका महिला तथा पुरुष र अन्य तेस्रो लिङ्गी तथा परिवारको कृषिसम्बन्धी विवरण सङ्कलन गरिनेछ । दोस्रो चरण जेठ २५ देखि असार ८ गतेसम्म १५ दिन सञ्चालन हुनेछ। उक्त क्रममा गणकमार्फत् प्रत्येक घर परिवारमा पुगी प्रश्नावलीमार्फत् पारिवारिक विवरण तथा व्यक्तिको जन्म, मृत्यु, बसाइँसराइलगायतका विवरण सङ्कलन गरिनेछ। दोस्रो चरणको गणना अन्तर्गत नै सबै स्थानीय तहका प्रत्येक वडा कार्यालयबाट वडास्तर सामुदायिक प्रश्नावलीमार्फत् वडाको आधार भूत स्रोत साधन, पहुँच, क्षमता, पूर्वाधार र विपद् सम्बन्धी विवरण पनि सङ्कलन गरिने छ। सोही क्रममा घरपालुवा पशुपक्षीको विवरण पनि सङ्कलन हुनेछ।

जनगणनाबाट वडास्तरसम्मको लैङ्गिक तथा समावेशी तथ्याङ्क प्राप्त हुने भएकाले विकास निर्माणका काम तथा लक्षित वर्गका कार्यक्रम तर्जुमा गर्न तथा नीति र योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यस्तै बाटोघाटो, पुल, विद्यालय, उद्योगधन्दा, स्वास्थ्य सेवा, खानेपानी, बिजुली, सिँचाइ, खाद्यान्न आपूर्ति, बसोबासको व्यवस्था, विकास बजेटको बाँडफाँड, सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा र मानव विकास प्रक्रियामा पछाडि परेका समुदायको उत्थानका कार्यक्रम सञ्चालन गर्न तथा संविधानको मौलिक हकलगायत अन्य हकको कार्यान्वयन र मूल्याङ्क गर्न आवश्यक तथ्याङ्क प्राप्त हुने हुँदा जनगणनाको महत्व रहेको छ।

# राष्ट्रिय सहकारी दिवसमा सराङ्कोट सहकारीको सरसफाई

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत




६४ औ राष्ट्रिय सहकारी दिवसको अवसरमा सराङ्गकोट बहुउदेश्य सहकारी संस्थाद्धारा बृहत सरसफाई गरिएको छ।

संस्था रहेको न्युरोड संघम मार्ग क्षेत्रमा गरिएको सरसफाई सहितको सरसफाइ सचेतना गरिएको कार्यक्रम संयोजक ज्ञानेन्द्र मरासिनिले बताए । सो कार्यक्रमको शुभारम्भ गर्दै सहकारी संघका केन्द्रिय प्रतिनिधि दिपक आचार्यले समुदायको हरेक कृयाकलापहरुमा सहकारीको भुमिका महत्वपूर्ण रहेको र संघमार्फत सामाजिक उत्तरदायित्व कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताए । संस्थाका अध्यक्ष प्रेम बहादुर जि.सी को सभापतित्वमा भएको कार्यक्रममा सचिव कृष्ण थापा, व्यवस्थापक सुरेन्द्र थापा,लेखा समितिसंयोजक शिव बहादुर वानिया, सल्लाहकार राममणी पौडेल, संघम मार्ग टोल संस्थाका पुर्वअध्यक्ष दामोदर शर्मा, महिला समुहकी अध्यक्ष इन्दिरा लामिछाने रेडियो सराङ्गकोटका निर्देशक शिव बहादुर थापा, रेडियोका व्यवस्थापक योगेन्द्र श्रेष्ठ लगायतले आ-आफ्नो धारण राखेका थिए। २०६३ मा स्थापित सहकारीले रेडियो सराङ्गकोटकको संचालन बचत तथा ऋणको कारोबार सहित सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु गर्दै आएको छ।

# संसदीय समितिद्वारा विकास आयोजनाको अनुगमन

पोखरापत्र संवाददाता
म्याग्दी, १९ चैत

गण्डकी प्रदेशसभा अन्तर्गतको अर्थ तथा विकास समितिले जिल्लामा सञ्चालित विकास आयोजनाको स्थलगत अनुगमन थालेको छ । समितिका सभापति दीपक कोइराला नेतृत्वको टोलीले प्रदेश सरकारले जिल्लामा सञ्चालन गरेका विकास आयोजनाको बुधबारदेखि अनुगमन शुरु गरेको हो।

भौतिक पूर्वाधार, पर्यटन, उद्योग वन तथा वातावरण र भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयद्वारा सञ्चालित योजना तथा कार्यक्रम कार्यान्वयन र प्रभावकारिताको अवस्थाका विषयमा अध्ययन थालेको टोलीले जनाएको छ । टोलीमा सभापति कोइरालासहित प्रदेशसभा सदस्य जनकलाल श्रेष्ठ, विनोद केसी र हरिशरण बस्नेतका साथै प्रदेशसभा सचिवालयका तीन कर्मचारी सहभागीता रहेको छ । बुधबार बेनी नगरपालिका, मङ्गला, मालिका र धवलागिरि गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमन गरेको टोलीले आज रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाको आयोजना अनुगमन गर्ने जनाएको छ।

प्रदेश सरकारले बजेट विनियोजन गरेर सञ्चालन गरेका आयोजना तथा कार्यान्वयनको अवस्था, कार्यान्वयनका क्रममा देखिएका समस्या, उपलब्धि र प्रभावकारिता पहिचानका लागि स्थलगत अनुगमन थालिएको सभापति कोइरालाले जानकारी दिनुभयो । "प्रदेश सरकारले सञ्चालन गरेका विकास आयोजना तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि सुझाव दिन प्रतिवेदन तयार पारेर संसद्लाई पेश गर्छौं," उहाँले भन्नुभयो,"विकास आयोजनामा देखिएका ढिलासुस्ती, विवाद समाधानका साथै सरोकारवालालाई जवाफदेही बनाउन अनुगमन गरिएको हो।"

टोलीले बेनी-दरवाङ, दरवाङ-धारापानी-ताकम-मुना, मुना-लुलाङ सडक आयोजना, छ्यारछ्यारे, दाङखोला, भारवाङखोला मोटरेबल पुल, प्रदेश सरकार र धवलागिरि गाउँपालिकाको साझेदारीमा सञ्चालित मुना स्वास्थ्य चौकीको निर्माणाधीन भवन अनुगमन गरेको थियो । आयोजना निर्माणस्थलमा खटिएका मजदूर, निर्माण व्यवसायी, प्राविधिक र स्थानीय तहका जनप्रतिनिधिसँग छलफल गरेको थियो । ५० प्रतिशत भौतिक प्रगति भएको बेनी-दरवाङ सडकको पहिलो प्याकेजको ठेकेदार कम्पनी लामा-समानान्तरणाका इञ्जिनीयर सुनिल खत्रीले सडकमा पर्ने विद्युत्का पोल नहटाउँदा काम गर्न समस्या भएको बताउनुभयो । "विद्युत् प्राधिकरणलाईबेनीदेखितातोपानीसम्म सडकको छेत्राधिकारमापर्ने २८ वटा पोल सार्न एक वर्ष अघिनै रु १२ लाख भुक्तानी गरेका थियौं," उहाँले भन्नुभयो, "प्राधिकरणले समयमा पोल नसारिदिँदा सडक विस्तार, नाली, पर्खाल निर्माण र ग्राबेल गर्ने काम प्रभावित भएको छ।" सडक आसपासका प्रभावित बासिन्दाको अवरोध र विवादका साथै ठेक्का सम्झौता अनुसार ढुङ्गा, गिट्टी र बालुवाको व्यवस्थापन हुन नसक्दा पर्याप्त मजदूर र उपकरण परिचालन गर्न नसकेको बेनी-दरवाङ सडकको दोस्रो प्याकेजको ठेकेदार बिरुवा-क्याराभानका प्रतिनिधि सोमनाथ थकालीलेबताउनुभयो।धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले दरवाङ-धारापानी सडकको काम सन्तोषजनक भइरहे पनि दाङखोलाको मोटरेबल पुल ठेक्का सम्झोता भएको डेढ वर्षसम्म पनि शुरु नभएको, भारवाङखोला र मराङखोला मोटरेबल पुल लक्ष्यअनुसार अघि नबढेको बताउनुभयो । मालिका गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोका र उपाध्यक्ष खरमाया बिटालुले गाउँपालिका प्रदेश र सङ्घका कार्यालयले समन्वय नगरेको बताउनुभयो। धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले मुना-लुलाङ सडकको महतलाको भिरमा सडक खन्न पूर्वाधार विकास कार्यालयले ठेक्का लगाएको काम समयमा हुन नसक्दा लुलाङ र गुर्जामा सडक निर्माण प्रभावित भएको जानकारी दिनुभयो । सबै पालिकाका आयोजनाको अनुगमन र सरोकारवालासँग छलफल गरेपछि बेनीमा अन्तर्क्रिया गरेर विकास आयोजना तथा योजना कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि निर्देशन दिइने प्रदेशसभा सदस्य विनोद केसीले बताउनुभयो।

# नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन

पोखरापत्र संवाददाता
बागलुङ, १९ चैत

बागलुङ जिल्लाको बडिगाड गाउँपालिका-२ खर्बाङमा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा आएको छ । जिल्लामा आयुर्वेद स्वास्थ्यको पहुँच विस्तार गर्ने योजना अनुसार दुई स्थानमा सो सेवा स्थापना गरिएको हो । जिल्लाका १० पालिकामध्ये ६ पालिकामा आयुर्वेद औषधालय नभएका कारण सरकारको लक्ष्य अनुसार गाउँमा सेवा विस्तार गर्न थालिएको हो।

सरकारले नेपालमा २०० बढी आयुर्वेद सेवा दिने गरी नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्ने निर्णय अनुसार बडिगाडमा बुधबारदेखि नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको धौलागिरि आयुर्वेद अस्पतालका प्रमुख डा सरोज रायले बताउनुभयो। सबै पालिकामा आयुर्वेद सेवा पुऱ्याउने अभियान अन्तर्गत तत्काल दुई पालिकामा आयुर्वेद सेवा दिनेगरी प्रकिया अगाडि बढाइएकोमा बडिगाडमा सेवा शुरु भयो भने ताराखोलामा केही दिनमै सेवा शुरु हुनेछ। स्थानीय तहको साझेदारीमा सञ्चालन हुने नागरिक आरोग्य केन्द्र स्थापनाका लागि भौतिक पूर्वाधारको जिम्मा स्थानीय तहले लिनुपर्ने हुन्छ । भौतिक पूर्वाधार निर्माणलगायतका अन्य कुरामा सहयोग गर्ने पालिकाको प्रतिबद्धता अनुसार पालिकामा नागरिक आराग्य सेवा केन्द्र स्थापना गरिएको डा रायको भनाइ छ । जिल्लाका दश पालिकामध्ये तमानखोला, बडिगाड, ताराखोला, निसीखोला, बरेङ गाउँपालिका र गलकोट नगरपालिकामा आयुर्वेद स्वास्थ्यको पहुँच छैन।


# सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०७७/१२/१९ गते)**

**नौलो घुम्ती नेपाल एउटा गैर नाफा मुलक गैर सरकारी सामाजिक संस्था हो । संस्थाले नेपाल सरकार तथा विभिन्न दातृ निकायको आर्थिक सहयोगमा कास्की तथा देशका विभिन्न जिल्लाहरुमा लागुपदाथ परामर्श, उपचार तथा पुनःस्थापना, शिक्षा, स्वास्थ्य, सरसफाई, जिविकोपार्जन, लैङ्गीक हिंसा तथा झोलुङ्गे पुल निर्माण लगायतका विविध क्षेत्रमा कार्य गर्दै आइरहेको छ । यसै सन्र्दभमा संस्थाको लागि तपशिलमा उल्लेखित वस्तु तथा सेवा खरिद गर्नु पर्ने भएकोले सिलवन्दी दरभाउपत्र पेश गर्न सम्वन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।**

**खरिद गर्ने वस्तु तथा सेवाहरुः**

| क्र.स. | शिर्षक | विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | साउना बाथ | साउना हिटर (12 KW, Special Sauna Rock, Control Unit with Sensor) | १ | १३% भ्याट, डेलिभरी तथा सेटअप सहितको मुल्य |
| २ | साउना कोठा फर्निसिङ्ग | Sauna room pine wood paneling and insulation (7ft(ht)*5ft(lt)*6.5ft(bth) | १ | १३% भ्याट, डेलिभरी तथा सेटअप सहितको मुल्य |

**शर्तहरु :**

१. दरभाउ पेश गर्न चाहेको फर्मले संस्थादर्ता, नविकरण, कर चुक्ता प्रमाणपत्र, आदिको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२. दरभाउ पेश गर्दा वस्तुको हकमा नाम परिमाण, गुणस्तर, उत्पादक कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ ।

३. दरभाउपत्र पेश गर्न चाहने व्यक्ति वा कम्पनी वा सप्लायर्सहरुले शिलवन्दी कागजात सूचना प्रकाशन भएको मितिले १ हप्ता (७ दिन) (२०७७/१२/२६) कार्यालय समय भित्र पेश गर्नु पर्ने छ । उक्त दिन सार्वजनिक विदा परेमा २०७७/१२/२७ गते कार्यालय समय भित्र पेश गर्न सकिने छ ।

४. यस सम्वन्धि सम्पूर्ण अधिकार संस्थाको खरिद समितिमा निहित हुनेछ ।

थप जानकारीका लागि नौलो घुम्ती नेपालको सम्पर्क नं: ०६१४०२०७०/४०२०७१ मा सम्पर्क गर्न सकिनेछ ।

खरित समिति
नौलो घुम्ती नेपाल
पोखरा १७, सितापाईला